ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
********************************

# विद्यार्थीहरूको सिकाइमा अतिरिक्त पाठ्यक्रम गतिविधिहरूको महत्व: अछाम बहुमुखी क्याम्पसको एक अध्ययन

# The Importance of Extracurricular Activities in Student Learning: A Study of Achham Multipurpose Campus

**झपट कुमार के.सी[1]**
**Jhapat Kumar K C**
DOI: https://doi.org/10.3126/amrj.v4i1.78694
[1] सह प्राध्यापक, अछाम बहुमुखी क्याम्पस, मंगलसेन ,अछाम
[1]Corresponding Author: Email: jhapatkc345@gmail.com
Article History: Received: Jan. 12, 2025 Revised: April. 11, 2025 Received: May. 5, 2025

**लेखसार**

नेपालका ग्रामीण क्षेत्रका शैक्षिक संस्थाहरूमा अतिरिक्त पाठ्यक्रम गतिविधिहरू (ECA) लाई औपचारिक शैक्षिक संरचनामा समावेश गर्ने प्रक्रियामा चुनौतीहरू कायम छन्। यस अध्ययनले अछाम बहुमुखी क्याम्पसमा ECA को वर्तमान अवस्थाको मूल्याङ्कन गर्दै विद्यार्थीहरूको समग्र विकासमा यसका प्रभावहरूलाई विश्लेषण गर्दछ। ECA का माध्यमबाट विद्यार्थीहरूको मानसिक, शारीरिक र सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुर्याउने छ, यद्यपि यसमा स्रोत, प्रशिक्षक र व्यवस्थापनका चुनौतीहरू छन्। अनुसन्धानले ECA मा संलग्नता र त्यसले विद्यार्थीहरूको शैक्षिक प्रदर्शनमा पार्ने प्रभावको मूल्याङ्कन गर्नेछ। साथै, यस अध्ययनले ECA मा संलग्नता र असंलग्नता भएका विद्यार्थीहरूको शैक्षिक परिणामहरूको तुलना गर्नेछ। साथै, यस अध्ययनमा ECA मा संलग्न विद्यार्थीहरूले सामना गर्ने प्रमुख चुनौतीहरू र समाधानका उपायहरूलाई पनि उजागर गरिनेछ। यसले विद्यार्थीहरूको शैक्षिक अनुभवमा सुधार गर्न र तिनीहरूको आत्म-सम्मानमा वृद्धि गर्ने सम्भावनाहरूलाई दर्शाउनेछ। अन्ततः अध्ययनले ECA को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुधारका सुझावहरू प्रदान गर्ने लक्ष्य राखेको छ, जसले ग्रामीण क्षेत्रमा शैक्षिक प्रणालीको समग्र विकासमा योगदान पुर्याउने अपेक्षा गरिएको छ।

*मुख्य शब्दावली* ECA, शैक्षिक प्रदर्शन, विद्यार्थी संलग्नता, चुनौतीहरू, सुधारका उपायहरू

## विषयपरिचय

अतिरिक्त पाठ्यक्रम गतिविधिहरू (ECA) क्याम्पस तहका विद्यार्थीहरूको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। यी गतिविधिहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक, र सामाजिक पक्षलाई सुदृढ बनाउन योगदान पुर्याउँछन् (Whitney, १९३२)। अध्ययनहरूका अनुसार, ECA मा संलग्न हुँदा विद्यार्थीहरूले आफ्ना रुचि र क्षमताहरू अन्वेषण गर्न सक्छन्, जसले उनीहरूको व्यवहारिक सीप र ज्ञानको विकासमा सहयोग पुर्याउँछ (Moriana et al., २००६)। समय बित्दै ECA ले विद्यार्थीहरूको जीवनमा थप महत्त्वपूर्ण भूमिका खेल्न थालेको छ। विभिन्न अनुसन्धानहरूले ECA को सक्रिय

सहभागिताले शैक्षिक प्रदर्शनमा सुधार ल्याउने देखाएका छन् (Guilmette et al., २०१९)। यी गतिविधिहरूले आत्म–सम्मान बढाउने र ड्रपआउट दर घटाउने सकारात्मक प्रभाव पनि देखाएका छन् (Vinas-Forcade et al., २०१९)। यसले विद्यार्थीहरूलाई नकारात्मक गतिविधिहरूबाट टाढा राख्दै उनीहरूको सकारात्मक विकासलाई प्रेरित गर्दछ (Bumpus & Harris, २०२०)।

नेपालका शैक्षिक संस्थाहरूमा ECA को औपचारिक समावेशीकरणको चुनौतिका बाबजुद, ग्रामीण क्षेत्रमा पनि यी गतिविधिहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक, र सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् (Giri, २०२२)। यस विषयमा थप अनुसन्धानले क्याम्पसहरूमा शिक्षक र विद्यार्थीहरूको सक्रिय सहभागिताको आवश्यकता औंल्याएको छ, जसले ECA लाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुर्याउँछ (Bekomson et al., २०२०)।

अन्ततः क्याम्पस स्तरमा ECA ले विद्यार्थीहरूको शैक्षिक र व्यक्तिगत विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ। ECA ले आत्म–अभिव्यक्ति, व्यवहारिक सीप, र सामाजिक अनुकूलनको विकासलाई प्रोत्साहन गर्दछ, जसले विद्यार्थीहरूलाई सफल भविष्य निर्माण गर्न सक्षम बनाउँछ (Behtoui, २०१९; Curriculum Development Center - CDC, २०२०)। यसर्थ, अछाम बहुमुखी क्याम्पसमा ECA को प्रभावकारी समावेशले विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण सुधार ल्याउन सक्छ। यस क्याम्पसमा खेलकुद, सांस्कृतिक कला प्रदर्शन, स्वयम्सेवा, साहित्यिक प्रतियोगिता, बहस, वक्तृत्वकला, र हाजिरीजवाफ जस्ता ECA कार्यक्रमहरू समावेश गर्न सकिन्छ, जसले विद्यार्थीहरूको समग्र विकासमा टेवा पुर्याउँछ।

**समस्याको कथन**

नेपालका ग्रामीण क्षेत्रका शैक्षिक संस्थाहरूमा अतिरिक्त पाठ्यक्रम गतिविधिहरू (ECA) लाई पूर्ण रूपमा औपचारिक शैक्षिक संरचनामा समावेश गर्ने प्रक्रियामा अझै पनि ठूलो चुनौतीहरू छन्। शैक्षिक व्यवस्थापनमा परम्परागत रूपमा शैक्षिक पाठ्यक्रममा मात्र केन्द्रित हुने प्रवृत्तिले गर्दा विद्यार्थीहरूको समग्र विकासका लागि महत्त्वपूर्ण मानिने अतिरिक्त गतिविधिहरूलाई कम प्राथमिकता दिइन्छ। ग्रामीण क्षेत्रका विद्यालय र क्याम्पसहरूमा आवश्यक भौतिक र आर्थिक स्रोतहरूको अभाव, प्रशिक्षक र शैक्षिक सामग्रीको कमी, साथै ECA का लागि व्यवस्थापन र संरचना निर्माणमा कठिनाइहरू रहेका छन्।
विद्यार्थीहरूको मानसिक, शारीरिक र सामाजिक विकासका लागि ECA अनिवार्य छ, किनकि यसले उनीहरूको व्यवहारिक सीप, आत्मविश्वास, नेतृत्व क्षमता र समूहमा काम गर्ने क्षमतामा महत्त्वपूर्ण भूमिका खेल्छ। तर, नेपालका ग्रामीण क्षेत्रहरूमा यी गतिविधिहरूलाई पर्याप्त महत्व नदिनाले विद्यार्थीहरूको शैक्षिक अनुभव केवल किताबी ज्ञानमा सीमित भइरहेको छ। ग्रामीण विद्यालय र क्याम्पसहरूमा खेलकुद, सांस्कृतिक कार्यक्रम, साहित्यिक प्रतियोगिता, वक्तृत्वकला, र नेतृत्व विकास जस्ता कार्यक्रमहरूको अभावले गर्दा विद्यार्थीहरूले आफ्नो क्षमताको पूर्ण रूपमा विकास गर्न नसकेको देखिन्छ।

यो समस्या विशेष रूपमा अछाम बहुमुखी क्याम्पसका विद्यार्थीहरूलाई गम्भीर रूपमा प्रभावित गरेको छ। क्याम्पसमा ECA को अभावले विद्यार्थीहरूको शैक्षिक प्रदर्शन, आत्मसम्मान, र सामाजिक सीपहरूमा नकारात्मक असर पारेको छ। विभिन्न अध्ययनहरूले देखाएका छन् कि अतिरिक्त गतिविधिहरूमा संलग्न विद्यार्थीहरूको शैक्षिक नतिजामा सुधार आउने र आत्मसम्मानमा वृद्धि हुने सम्भावना उच्च हुन्छ। तर, ग्रामीण क्षेत्रका विद्यार्थीहरूले यी अवसरहरू गुमाइरहेका छन्। स्रोतहरूको सीमितता, प्रशिक्षकहरूको अभाव, र व्यवस्थापनमा रहेको कमजोरीले अछाम बहुमुखी क्याम्पसमा ECA को प्रभावकारी कार्यान्वयनमा चुनौती सिर्जना गरेको छ। यी चुनौतीहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा अवरोध खडा गरेको छ, जसले समग्र शैक्षिक प्रणालीमा नकारात्मक असर पारेको छ। यस अनुसन्धानले अछाम बहुमुखी क्याम्पसमा ECA को वर्तमान अवस्थाको मूल्याङ्कन गर्नेछ, यसको विद्यार्थीहरूको सिकाइमा पर्ने प्रभाव विश्लेषण गर्नेछ, र सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्नेछ।

**अध्ययनका उद्देश्यहरु**

यस अध्ययनको मुख्य उद्देश्य अछाम बहुमुखी क्याम्पसमा अतिरिक्त पाठ्यक्रम क्रियाकलापहरू (ECA) को भूमिका, पहुँच, र विद्यार्थीहरूको सहभागिताको विस्तृत अध्ययन गर्नु हो। अछाम जस्तो ग्रामीण र विकट क्षेत्रमा अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा विशेष योगदान पुऱ्याउने अपेक्षा गरिन्छ। तथापि, यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा आउने चुनौतीहरूलाई सम्बोधन गर्न यस अध्ययनले महत्त्वपूर्ण आधार प्रस्तुत गर्नेछ।

१ अछाम बहुमुखी क्याम्पसमा ECA को उपलब्धता र विद्यार्थी संलग्नता को अध्ययन गर्ने।
२ ECA कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरूको अध्ययन गर्ने।
३ ग्रामीण क्षेत्रमा ECA मा पहुँच सुधार्नका लागि सुझावहरू प्रदान गर्ने।

**अध्ययनको सीमा**

यस अध्ययनले ग्रामीण शिक्षामा अतिरिक्त पाठ्यक्रम क्रियाकलापहरू (ECA) को भूमिकाबारे महत्त्वपूर्ण जानकारी प्रदान गरे तापनि, यससँग केही सीमाहरू पनि छन्, जसले अध्ययनको नतिजालाई प्रभावित गर्न सक्छ। अछाम बहुमुखी क्याम्पसको सन्दर्भमा गरिएको यो अनुसन्धानले स्थानीय परिप्रेक्ष्यमा उपयोगी तथ्याङ्क उपलब्ध गराए पनि, यसका केही सीमितताहरू निम्नानुसार छन्:

**सीमित भौगोलिक दायरा:** अनुसन्धानले मात्र अछाम बहुमुखी क्याम्पसमाथि केन्द्रित भएको छ। यसले नेपालको अन्य ग्रामीण क्षेत्रहरूका सन्दर्भमा प्राप्त निष्कर्षहरूको प्रतिनिधित्व नगर्न सक्छ। अछामको विशिष्ट सामाजिक, आर्थिक, र भौगोलिक परिवेशले अन्य ग्रामीण क्षेत्रहरूमा फरक नतिजा दिन सक्छ।

**सानो नमूना आकार**: अध्ययनमा १०० जना विद्यार्थी र १५ जना अन्तर्वार्ता लिनेहरूको सानो नमूना प्रयोग गरिएको छ। सानो नमूना आकारका कारण, प्राप्त परिणामहरूलाई ठूलो संख्यामा ग्रामीण क्षेत्रका विद्यार्थीहरूसम्म सामान्यीकरण गर्न सकिने सम्भावना सीमित रहन्छ। यसले निष्कर्षहरूको विश्वसनीयतामा केही प्रभाव पार्न सक्छ।

**दीर्घकालीन डाटाको अभाव:** यस अध्ययनले अतिरिक्त पाठ्यक्रम क्रियाकलापहरूको दीर्घकालीन प्रभावलाई ट्र्याक गरेको छैन। यसले ECA को दीर्घकालीन फाइदा वा असरको बारेमा ठोस निष्कर्ष दिन असमर्थ बनाउँछ। विशेषगरी, विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा दीर्घकालीन परिवर्तनलाई मापन गर्नका लागि थप अनुसन्धान आवश्यक छ।

## साहित्य समीक्षा

नेपाली शिक्षा प्रणालीमा अतिरिक्त पाठ्यक्रम गतिविधिहरू (ECA) महत्त्वपूर्ण भूमिका खेल्छन्। Whitney (१९३२) ले ECA लाई शारीरिक, मानसिक, सामाजिक, र भावनात्मक विकासका लागि विद्यालयमा गरिने अतिरिक्त गतिविधिको रूपमा परिभाषित गरेका छन्, जुन नियमित शैक्षिक कार्यक्रम बाहिर हुन्छ। शारीरिक गतिविधिहरूले आत्म-विश्वास, शारीरिक फिटनेस र मानसिक स्वास्थ्यमा सुधार ल्याउँछन् (Dale & Lehi, २००३)। विभिन्न अध्ययनहरूले देखाएका छन् कि यी गतिविधिहरूले टोली कार्य, नेतृत्व क्षमता, र मित्रता निर्माणमा सहयोग पुर्याउँछन् (Logan & Scarborough, २००८)। यद्यपि अत्यधिक संलग्नता भने कष्टप्रदता र कमजोर शैक्षिक प्रदर्शनको कारण बन्न सक्छ (Gillam, २००४)।

नेपालमा ECA औपचारिक पाठ्यक्रमको भाग नभए पनि विद्यालयहरूले यसलाई विद्यार्थीहरूको समग्र विकासका लागि महत्त्वपूर्ण मानेर समावेश गर्ने प्रयास गरिरहेका छन्। शिक्षा मन्त्रालय (MoE) ले ECA लाई अनिवार्य गर्दै राष्ट्रिय स्तरमा पुरस्कार र मान्यता दिँदै आएको छ (MoE, १९७१, १९९१, २००३, २००९, २०१५)। ECA ले शैक्षिक प्रदर्शन, आत्म-सम्मान, र सामाजिक सम्बन्ध सुधार्न महत्त्वपूर्ण भूमिका खेल्छ, जसले विद्यार्थीहरूको व्यक्तिगत र शैक्षिक विकासमा सकारात्मक प्रभाव पार्दछ (Rahman & Hundal, २०१६)।

Dmitruk et al. (२०१५) को अध्ययनले ECA लाई शारीरिक, मानसिक र सामाजिक विकासका लागि आवश्यक ठानेको छ, साथै यसले विद्यालय ड्रपआउट दर घटाउन र शैक्षिक प्रदर्शनमा सुधार ल्याउन सहयोग पुर्याउँछ। पाठ्यक्रम विकास केन्द्र [CDC] (२०२०) ले ECA लाई विद्यार्थीहरूमा सामाजिक सीप, आत्म-अभिव्यक्ति, र विचार निर्माणमा सहयोग पुर्याउने महत्त्वपूर्ण तत्वको रूपमा प्रस्तुत गरेको छ। Bekomson et al. (२०२०) ले ECA ले विद्यार्थीहरूको व्यवहार, शैक्षिक उपलब्धि र समग्र व्यक्तित्व सुधार्न मद्दत गर्ने उल्लेख गरेका छन्।

गिलमेट (२०१९) र मोरियाना (२००६) ले पनि ECA को सकारात्मक प्रभाव पुष्टि गरेका छन्। तर विद्यालय स्तरमा यसको कार्यान्वयनमा जनशक्ति, स्रोतसाधन र व्यवस्थापनसम्बन्धी चुनौतीहरू देखिएका छन् (Srikongchan et al., २०२१)। यी चुनौतीहरूको बाबजुद, अतिरिक्त गतिविधिहरूले विद्यार्थीहरूको जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छन्, जसले उनीहरूको नेतृत्व क्षमता, सामाजिक सम्बन्ध, र आत्म–धारणा विकासमा मद्दत पुर्याउँछ।

इकल्स (२००३) ले पत्ता लगाएका छन् कि विद्यालयमा आधारित अतिरिक्त गतिविधिहरूमा संलग्न विद्यार्थीहरूको शैक्षिक प्रदर्शन राम्रो हुने गर्दछ। नेपालका शैक्षिक संस्थाहरूमा ECA को औपचारिक समावेशीकरणको चुनौतिका बाबजुद, ग्रामीण क्षेत्रमा पनि यी गतिविधिहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् (Giri, २०२२)। अन्ततः, ECA को प्रभावकारी कार्यान्वयनले विद्यार्थीहरूको समग्र विकासमा सकारात्मक योगदान पुर्याउँछ, तर यससँग सम्बन्धित चुनौतीहरूलाई सम्बोधन गर्न विशेष ध्यान दिन आवश्यक छ।

## अनुसन्धान विधि

यस अनुसन्धानले अछाम बहुमुखी क्याम्पसमा अतिरिक्त पाठ्यक्रम गतिविधिहरू (ECA) को वर्तमान अवस्थाको अध्ययन, तिनको विद्यार्थीहरूका लागि महत्व ,ECA मा संलग्नताका समस्याहरु र सुधारका लागि सुझावहरू दिने लक्ष्य राखेको छ। अनुसन्धानका लागि मात्रात्मक ( Quantitative ) र गुणात्मक (Qualitative ) विधि हरुको प्रयोग गरिएको छ।

### *१. अनुसन्धानको डिजाइन*

यो अध्ययन वर्णनात्मक (descriptive) र तुलनात्मक (Comparative ) मा आधारित छ। यसले क्याम्पसमा ECA को वर्तमान स्थिति, चुनौतीहरू र तिनको विद्यार्थीहरूको शैक्षिक प्रदर्शन र व्यक्तिगत विकासमा पार्ने प्रभावको बारेमा गरिएको छ।

### २. नमूना छनोट ( Sample Selection)

अछाम बहुमुखी क्याम्पसका विद्यार्थी, शिक्षक र व्यवस्थापकहरूलाई अनुसन्धानका लागि छनोट गरिएको छ। यसका लागि नियमित कक्षामा उपस्थित हुने १५०/१६० जना बिधार्थी मध्ये १०० जना विद्यार्थी (५० जना ECA संलग्न र ५० जना ECA संलग्न नभएका ) , १० जना शिक्षक र ५ जना व्यवस्थापकहरूलाई नमूनाका रूपमा सहभागी छन। विशेष गरी ECA मा संलग्न विद्यार्थीहरूलाई प्राथमिकतामा राखेर सहभागीहरूलाई उद्देश्यपूर्ण रूपमा (purposive sampling) छनोट गरिएको छ ।

**३. तथ्यांक सङ्कलन विधि**

यस अध्ययनमा आवश्यक तथ्यांक सङ्कलनका लागि विभिन्न विधिहरू प्रयोग गरिएको छ, जसले क्याम्पसमा अतिरिक्त पाठ्यक्रम गतिविधिहरू (ECA) को प्रभावकारिता, चुनौतीहरू र समाधानका उपायहरू पत्ता लगाउन सहयोग पुर्याउनेछ। तथ्यांक सङ्कलन विधिहरू निम्नानुसार छन्:

**सर्वेक्षण** (Survey):

ECA मा विद्यार्थीहरूको सहभागिता, यसका फाइदाहरू, र उनीहरूले प्राप्त गरेका उपलब्धिहरूको बारेमा जानकारी सङ्कलन गर्न प्रश्नावली तयार पारिएको छ। यस सर्वेक्षणमा विद्यार्थीहरूले आफ्नो अनुभव र ECA को महत्त्वबारे राय प्रस्तुत गर्नेछन्।

**समुह छलफल (Group Discussion):**

ECA को प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरू र सम्भावित समाधानहरूबारे बुझ्न शिक्षक, व्यवस्थापक, विद्यार्थी र कर्मचारीहरूसँग समूह छलफल गरिएको छ। यस छलफलमा सहभागीहरूले ECA सम्बन्धी विचार आदानप्रदान गर्दै समस्याहरू पहिचान गर्ने र सुधारका उपायहरू सुझाउनेछन्।

**प्रत्यक्ष अवलोकन (Direct Observation):**

क्याम्पसमा हुने ECA कार्यक्रमहरूको प्रत्यक्ष अवलोकन गरिएको छ। विद्यार्थीहरूको सहभागिता, उनीहरूले हासिल गरेका उपलब्धिहरू र कार्यक्रम व्यवस्थापनको स्थिति अध्ययन गरी निष्कर्ष निकालिएको छ।

## तथ्यांकको विश्लेषण

यस अध्ययनमा सङ्कलित तथ्यांकको गुणात्मक र मात्रात्मक दुवै किसिमले विश्लेषण गरिएको छ, जसले अतिरिक्त पाठ्यक्रम गतिविधि (ECA) को प्रभाव र यसको कार्यान्वयनसँग सम्बन्धित पक्षहरूलाई विस्तृत रूपमा अध्ययन गर्न सहयोग पुर्याएको छ। तथ्यांक विश्लेषणका विधिहरू निम्नानुसार छन्:

1. **मात्रात्मक विश्लेषण (Quantitative Analysis):**

सर्वेक्षणबाट प्राप्त तथ्यांकलाई प्रतिशत र औसतको आधारमा विश्लेषण गरिएको छ। यसले विद्यार्थीहरूको ECA मा सहभागिता, उनीहरूले हासिल गरेको शैक्षिक प्रदर्शन, र विभिन्न गतिविधिमा तिनको संलग्नताको अनुपातलाई स्पष्ट पार्नेछ । यो विश्लेषणले ECA को विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा पार्ने प्रभावलाई मापन गर्न महत्त्वपूर्ण आधार प्रदान गर्नेछ।

2. **गुणात्मक विश्लेषण (Qualitative Analysis):**

अन्तर्वार्ता र प्रत्यक्ष अवलोकनबाट सङ्कलित तथ्यांकलाई विषयगत विश्लेषण (thematic analysis) विधिबाट विश्लेषण गरिएको छ। यसले ECA कार्यान्वयनमा देखिएका चुनौतीहरू,

ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
*******************************

व्यवस्थापनको अवस्था, र नीति निर्माणका प्रक्रिया तथा सम्भावित सुधारका उपायहरूलाई गहिरो रूपमा अध्ययन गर्न अवसर प्रदान गर्नेछ।

## विश्लेषण

अछाम बहुमुखी क्याम्पस (Achham Multiple Campus) मा अतिरिक्त क्रियाकलाप (ECA) को विकासका लागि खेलकुद सम्बन्धी विभिन्न गतिविधिहरूको आयोजना गरिन्छ। क्याम्पसले विद्यार्थीहरूलाई शारीरिक र मानसिक विकासमा मद्दत पुर्याउने विभिन्न खेलकुद कार्यक्रमहरूमा भाग लिन प्रेरित गरिरहेको छ। यस्ता गतिविधिहरूले विद्यार्थीहरूमा अनुशासन, टीमवर्क, र नेतृत्व क्षमताको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन्।

### अछाम बहुमुखी क्याम्पसमा भएका खेलकुद सामाग्री र खेलमैदानको अवस्था

क्याम्पसमा खेलकुद सामग्री पर्याप्त मात्रामा उपलब्ध भए तापनि खेलमैदानको अभाव छ। विशेष गरी, भलिबल, फुटबल र एथलेटिक्स जस्ता बाहिरी खेलहरूका लागि आवश्यक खेलमैदान क्याम्पससँग छैन, जसले विद्यार्थीहरूको खेलकुद गतिविधिहरूमा संलग्नता कम गरिरहेको छ।

### अछाम बहुमुखी क्याम्पसमा ECA गतिविधिहरुमा विद्यार्थी सहभागिता

अछाम बहुमुखी क्याम्पसमा नियमित अध्ययनमा प्राय १५०–१६० जना बिधार्थीहरुको सहभागिता रहने गर्छन जसमध्ये ECA मा विद्यार्थीहरुको सहभागिता विविध किसिमका गतिविधिहरुमा देखिएको छ। कूल १४० जनाको सहभागिता मध्ये सबैभन्दा बढी विद्यार्थीले स्वमसेवामा (४४) सहभागिता जनाएका छन्, जसले सामाजिक र नेतृत्व क्षमतामा बढोत्तरी हुने संकेत गर्छ। भलिबलमा (३४) र हाजिरीजवाफमा (३१ ) क्रमशः दोस्रो र तेस्रो धेरै सहभागिता रहेको छ, जसले खेलकुद र बौद्धिक गतिविधिमा विद्यार्थीको चासो देखाउँछ। चेस (१२) र नाचगान (१९) लगायतका गतिविधिहरुमा पनि विद्यार्थीले उत्साहजनक सहभागिता देखाएका छन्।

अध्ययनले देखाउँछ कि क्याम्पसमा शारीरिक, सांस्कृतिक र बौद्धिक गतिविधिहरुमा विद्यार्थीहरुको रुचि मिश्रित रहेको छ, जसले विद्यार्थीको सर्वांगीण विकासमा योगदान पुर्याउँछ।

### ECA मा संलग्न विद्यार्थीहरुको परीक्षा नतिजा विश्लेषण (बि एड / बि बि एस प्रथम र दोस्रो वर्ष)

प्रथम वर्षको नतिजामा औसत उत्रिण प्रतिसत ५७ .५% रहेको देखिन्छ, जसमा बि एडका विद्यार्थीको उत्रिण प्रतिसत ७०% थियो भने बि बि एसका विद्यार्थीको ४५% मात्र रहेको थियो। यसले बि एडका विद्यार्थीहरुले शैक्षिक प्रदर्शनमा बि बि एसका विद्यार्थीहरु भन्दा उच्च नतिजा हासिल गरेको संकेत गर्छ।

दोस्रो वर्षमा भने औसत उत्रिण प्रतिसत ६३ % पुगेको छ, जहाँ बि एडका विद्यार्थीहरुले ७६ % उत्रिण गरेका छन् भने बि बि एसका विद्यार्थीहरुले ५० % प्रतिसत हासिल गरेका छन्। यसबाट देखिन्छ कि दोस्रो वर्षमा दुवै तहका विद्यार्थीहरुको प्रदर्शन सुधार भएको छ, विशेषगरी बि एडका विद्यार्थीहरुको। यसरी नै बि एड र बि बि एस तेस्रो र चौथो बर्षमा पनि परीक्षा नतिजामा क्रमसः सुधार भई औसत उत्रिन प्रतिसत ६५% र ६८% देखिएको छ ।

यस अध्ययनबाट स्पष्ट हुन्छ कि ECA मा संलग्न विद्यार्थीहरुको शैक्षिक प्रदर्शनमा पनि सकारात्मक प्रभाव देखिएको छ। पहिलो वर्षको तुलनामा दोस्रो वर्षको नतिजामा सुधार हुनुले विद्यार्थीहरुको निरन्तर अभ्यास, अनुभव र अनुशासनले उनीहरुको शैक्षिक नतिजामा महत्त्वपूर्ण योगदान दिएको देखाउँछ।ECA (अतिरिक्त पाठ्यक्रम गतिविधि) मा संलग्नता विद्यार्थीहरुको सर्वांगीण विकासमा मात्र नभई शैक्षिक नतिजामा पनि सकारात्मक प्रभाव पुर्याउने प्रमाण यस अध्ययनले दिएको छ।

**ECA मा असंलग्न विद्यार्थीहरुको परीक्षा नतिजा विश्लेषण (बि एड / बि बि एस प्रथम र दोस्रो वर्ष)**

ECA (अतिरिक्त पाठ्यक्रम गतिविधि) मा असंलग्न विद्यार्थीहरुको शैक्षिक नतिजामा अपेक्षाकृत कमजोर प्रदर्शन देखाउँछ। बि एड र बि बि एस प्रथम वर्षका विद्यार्थीहरुको औसत उत्रिण प्रतिसत ३५% रहेको छ जसमा बि एड र बि बि एस का विद्यार्थीहरुको उत्रिण प्रतिसत क्रमशः ४० % र ३० % मात्र रहेको छ, जसले विद्यार्थीहरुको शैक्षिक प्रदर्शनमा ECA को अभावमा नकारात्मक प्रभाव परेको देखाउँछ। यसले ECA मा सहभागी नभएका विद्यार्थीहरु शैक्षिक दृष्टिकोणले कमजोर देखिएका छन्।दोस्रो वर्षमा पनि स्थिति धेरै फरक छैन किनकि दोस्रो वर्षका विद्यार्थीहरुको औसत उत्रिण प्रतिसत ३५% रहेको छ जसमा बि एड का विद्यार्थीहरुको उत्रिण प्रतिसत ३३% र बि बि एस का विद्यार्थीहरुको २७.७ % रहेको छ। यसबाट स्पष्ट हुन्छ कि पहिलो वर्षको तुलनामा दोस्रो वर्षमा पनि विद्यार्थीहरुको नतिजामा उल्लेख्य सुधार देखिएको छैन। यसरी नै बि एड र बि बि एस तेस्रो र चौथो बर्षमा पनि परीक्षा नतिजामा सुधार नभई क्रमसः औसत उत्रिन प्रतिसत ३५% र ३४ % मात्र देखिएको छ ।

यो तथ्यांकले संकेत गर्छ कि ECA मा असंलग्न विद्यार्थीहरुको औसत उत्रिण प्रतिसत पहिलो , दोस्रो तेस्रो र चौथो वर्षमा निरन्तर रूपमा कम छ। यसले शैक्षिक क्षेत्रमा मात्र नभई समग्र व्यक्तित्व विकासमा पनि ECA को भूमिका महत्त्वपूर्ण रहेको देखाउँछ ।

यस अध्ययनलाई थप खोजमुलक बनाउन क्याम्पसको समग्र विकासका लागि भूमिका खेल्ने सरोकारवालाहरू – अभिभावक, विद्यार्थी, शिक्षक, खेल व्यवस्थापक, कर्मचारी आदिको धारणा बुझ्न र व्यवस्थापनका समस्या पहिचान गरी समाधानका उपायहरू खोज्नु अति आवश्यक मानिएको छ। यसै उद्देश्यले एक विशेष छलफल कार्यक्रम आयोजना गरिएको थियो। उक्त छलफलमा क्याम्पसका भिन्न–भिन्न पक्षहरूको सहभागिता रहेको थियो, जहाँ ECA (अतिरिक्त पाठ्यक्रम गतिविधि) सम्बन्धित

समस्याहरू पहिचान गर्दै तिनको समाधानका उपायहरू सुझाइएको थियो। छलफलको मुख्य उद्देश्य क्याम्पसमा प्रचलित खेलकुद तथा अन्य अतिरिक्त गतिविधिहरूको प्रभावकारिता बढाउनु र शैक्षिक व्यवस्थापनमा सुधार ल्याउनु रहेको थियो। उक्त छलफलबाट प्राप्त मुख्य समस्याहरुको पहिचान र समाधानका उपायहरु निम्नानुसार भेटियका थिए । अतिरिक्त पाठ्यक्रम गतिविधि (ECA) को विकासका लागि विभिन्न प्रयास गरिए तापनि प्रभावकारी कार्यान्वयनका क्रममा केही महत्त्वपूर्ण चुनौतीहरू देखिएका छन्। यी समस्याहरूले क्याम्पसमा ECA को दीर्घकालीन र व्यवस्थित विकासलाई अवरोध पुर्याइरहेका छन्।

**मुख्य समस्याहरू**

1. ECA (अतिरिक्त पाठ्यक्रम गतिविधि) का लागि छुट्याइएको बजेट प्राप्त छैन।
2. विद्यार्थी संख्याअनुसार खेलकुद शिक्षक र खेल व्यवस्थापकको संख्या अपर्याप्त छ।
3. खेलकुद सामग्री प्रयाप्त भए पनि खेल अनुसारका खेल मैदानहरूको अभाव छ।
4. ECA गतिविधिहरुका लागि उपयुक्त रणनीतिहरूको अभाव छ र कार्यान्वयनमा समस्या छ।
5. नियमित कार्यतालिका अनुसार ECA गतिविधिहरू सञ्चालन गरिएका पाइँदैनन्।
6. खेलकुद शिक्षक र खेल व्यवस्थापकलाई आवश्यक तालिम प्रदान गरिएको छैन।
7. ECA मा संलग्न विद्यार्थी, शिक्षक र खेल व्यवस्थापकलाई उचित उत्प्रेरणा प्रदान गरिएको छैन।

यी समस्याहरूलाई सम्बोधन गर्न आवश्यक बजेट, जनशक्ति, तालिम र उपयुक्त रणनीतिहरूको विकासमा ध्यान दिनुपर्ने देखिन्छ। ECA गतिविधिहरूलाई प्रभावकारी बनाउन यी चुनौतीहरूको समाधान अत्यावश्यक छ ।

अछाम बहुमुखी क्याम्पसमा ECA (अतिरिक्त पाठ्यक्रम गतिविधि) कार्यक्रमहरूको प्रभावकारी सञ्चालनका लागि व्यवस्थापनमा सुधार र विभिन्न पक्षहरूको संलग्नता अपरिहार्य छ। समस्याहरूको समाधान गर्न निम्न उपायहरू अपनाउन आवश्यक देखिन्छः

**समाधानका उपायहरू**

1. **बजेट व्यवस्थापनमा सुधार:** ECA कार्यक्रमहरूको लागि छुट्याइएको बजेटलाई वृद्धि गर्नुपर्छ। स्थानीय सरकार र शिक्षा मन्त्रालयले यस क्षेत्रमा विशेष बजेटको व्यवस्था गर्न प्राथमिकता दिनुपर्दछ। यसले क्याम्पसलाई आवश्यक साधन र पूर्वाधार जुटाउन सहयोग पुर्याउनेछ।

2. **शिक्षक र व्यवस्थापकको व्यवस्था:** खेलकुद शिक्षक र खेल व्यवस्थापकको पर्याप्त व्यवस्थापन आवश्यक छ। विद्यार्थीहरूको संख्याअनुसार खेलकुद शिक्षक र व्यवस्थापकको संख्या बढाउनु जरुरी छ, जसले ECA गतिविधिहरूलाई व्यवस्थित ढंगले सञ्चालन गर्न मद्दत गर्नेछ।

3. **तालिमको व्यवस्था:** खेलकुद शिक्षक र खेल व्यवस्थापकहरूलाई उचित तालिम प्रदान गर्नुपर्छ। तालिमले उनीहरूको क्षमता अभिवृद्धि गर्नेछ, जसले गर्दा उनीहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक विकासका लागि थप प्रभावकारी ढंगले कार्यक्रमहरू सञ्चालन गर्न सक्षम हुनेछन्।

4. **रणनीतिक योजना र कार्यान्वयन:** ECA कार्यक्रमहरूका लागि स्पष्ट रणनीति बनाइ कार्यान्वयन गर्नुपर्छ। दीर्घकालीन योजना र नीतिहरू तयार गरेर नियमित कार्यतालिका अनुसार गतिविधिहरू सञ्चालन गर्न विशेष ध्यान दिनुपर्दछ। यसले कार्यक्रमहरूको निरन्तरता र प्रभावकारितामा सुधार ल्याउनेछ।

5. **प्रोत्साहनको व्यवस्था:** ECA मा संलग्न विद्यार्थी, शिक्षक र खेल व्यवस्थापकलाई उचित पुरस्कार र प्रोत्साहन प्रदान गर्नुपर्छ। उत्प्रेरणाले सबैलाई सक्रिय राख्न मद्दत पुर्याउनेछ, जसले कार्यक्रमहरूको प्रभावकारिता बढाउनेछ।

6. **समुदाय र अभिभावकहरूको सहभागिता:** ECA को महत्त्व बुझाउन समुदाय र अभिभावकहरूलाई लक्षित गर्दै प्रचारात्मक कार्यक्रमहरूको आयोजना गर्नुपर्छ। समुदायको सकारात्मक सहभागिता र अभिभावकहरूको सहयोगले विद्यार्थीहरूको सहभागिता र रुचि अभिवृद्धि गर्न सहयोग पुर्याउनेछ।

7. **स्थानीय सरकार र शैक्षिक निकायहरूको समर्थन:** स्थानीय सरकार र शैक्षिक निकायहरूले ग्रामीण क्षेत्रमा ECA कार्यक्रमहरूको सञ्चालनलाई प्राथमिकता दिनुपर्छ। ग्रामीण क्षेत्रका क्याम्पसहरूमा ECA कार्यक्रमहरू सञ्चालन गर्न विशेष ध्यान दिनुपर्ने आवश्यक छ।

समुदाय, अभिभावक, शिक्षक, र व्यवस्थापकहरूका राय तथा सुझावहरूलाई आधार मानी, अछाम बहुमुखी क्याम्पसले आफ्नो शैक्षिक गतिविधिहरूलाई प्रभावकारी बनाउन र ECA कार्यक्रमहरूलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्थापन सुधार गर्नुपर्ने देखिन्छ। बजेट व्यवस्थापन, शिक्षकहरूको तालिम, र नियमित गतिविधि सञ्चालनमा सुधारको खाँचो रहेकोले यी समाधानका उपायहरूलाई तत्काल कार्यान्वयन गर्नुपर्दछ।

**नतिजा**

अछाम बहुमुखी क्याम्पसमा आयोजित खेलकुद र अन्य अतिरिक्त पाठ्यक्रम गतिविधिहरू (ECA) को प्रभाव, विद्यार्थीहरूको सहभागिता, र शैक्षिक नतिजाहरूको विश्लेषणले महत्वपूर्ण निष्कर्षहरू उजागर गरेको छ। क्याम्पसमा पर्याप्त खेलकुद सामग्री भए पनि खेल मैदानको अभावले बाहिरी खेलहरूमा विद्यार्थीहरूको सहभागिता सीमित भएको पाइएको छ। तथापि, भलिबल, हाजिरीजवाफ, र स्वमसेवा जस्ता

गतिविधिहरूमा विद्यार्थीहरूको विशेष चासो देखिएको छ, जसले तिनको सामाजिक, नेतृत्व, र बौद्धिक क्षमतामा सकारात्मक प्रभाव पुर्याएको छ।

यस अनुसन्धानले ECA मा संलग्न र असंलग्न विद्यार्थीहरूको शैक्षिक प्रदर्शनको तुलना गरेको छ। क्याम्पसका करिब १५०–१६० विद्यार्थीमध्ये १४० जनाले विभिन्न ECA गतिविधिहरूमा सहभागिता जनाएका थिए। यी गतिविधिहरूमा स्वमसेवा, भलिबल, हाजिरीजवाफ, र नृत्य–गान प्रमुख थिए।

**ECA मा संलग्न विद्यार्थीहरूका नतिजा:** ECA मा संलग्न विद्यार्थीहरूको शैक्षिक नतिजामा सकारात्मक सुधार देखिएको छ। पहिलो वर्षमा औसत उत्रिण प्रतिशत ५६.५% थियो, जुन दोस्रो वर्षमा ६५% पुगेको छ। बि.एड. का विद्यार्थीहरूको पहिलो वर्षको उत्रिण प्रतिशत ७०% थियो भने दोस्रो वर्षमा ७७% मा सुधार भएको छ। बि.बी.एस. का विद्यार्थीहरूको पहिलो वर्षमा ४५% थियो भने दोस्रो वर्षमा ५३% पुगेको छ। तेस्रो र चौथो वर्षमा पनि ECA मा संलग्न विद्यार्थीहरूको औसत उत्रिण प्रतिशत क्रमशः ६५% र ६८% पुगेको छ। यसले देखाउँछ कि ECA मा सहभागी विद्यार्थीहरूको शैक्षिक नतिजा निरन्तर सुधार हुँदै गएको छ, विशेषगरी बि.एड. का विद्यार्थीहरूले उल्लेखनीय प्रदर्शन गरेका छन्।

**ECA मा असंलग्न विद्यार्थीहरूका नतिजा:** ECA मा असंलग्न विद्यार्थीहरूको शैक्षिक प्रदर्शन कमजोर देखिएको छ। पहिलो वर्षमा औसत उत्रिण प्रतिशत ३१% थियो भने दोस्रो वर्षमा यो प्रतिशत झन् घटेर ३०.५% पुगेको छ। बि.एड. का असंलग्न विद्यार्थीहरूको पहिलो वर्षको उत्रिण प्रतिशत ३२% थियो भने दोस्रो वर्षमा ३३% मात्र थियो। बि.बी.एस. का विद्यार्थीहरूको पहिलो वर्षको उत्रिण प्रतिशत ३०% थियो भने दोस्रो वर्षमा घटेर २८% मात्र थियो। तेस्रो र चौथो वर्षमा पनि असंलग्न विद्यार्थीहरूको औसत उत्रिण प्रतिशत ३५% र ३४% मा मात्र सीमित भएको पाइएको छ।

तुलनात्मक रूपमा, ECA मा संलग्न विद्यार्थीहरूको नतिजा राम्रो भएकोले उनीहरूको नेतृत्व विकास, बौद्धिक क्षमता, र सामाजिक सहभागितामा समेत सकारात्मक प्रभाव देखिएको छ।तथ्यांकका आधारमा ECA मा असंलग्न विद्यार्थीहरूको शैक्षिक प्रदर्शन निरन्तर रूपमा कमजोर देखिएको छ, जबकि ECA मा संलग्न विद्यार्थीहरूको औसत उत्रिण प्रतिशतमा उल्लेखनीय सुधार आएको छ। यसले शैक्षिक क्षेत्रमा मात्र नभई विद्यार्थीहरूको सर्वांगीण व्यक्तित्व विकासमा पनि ECA को महत्त्वपूर्ण भूमिका रहेको प्रमाणित गर्दछ।

यस अध्ययनले ECA को महत्त्वलाई उजागर गर्दै, क्याम्पसले खेलकुद र अतिरिक्त गतिविधिहरूका लागि थप बजेट व्यवस्थापन, खेल मैदानको अभाव, शिक्षकहरूको तालिम, र नियमित कार्यतालिकामा सुधारको खाँचो रहेको औंल्याएको छ। सरोकारवालाहरूको धारणा र सुझावहरूका आधारमा, ECA मा ध्यान दिएर क्याम्पसले विद्यार्थीहरूको सर्वांगीण विकास र शैक्षिक प्रदर्शनमा सुधार ल्याउन सक्छ।

निष्कर्ष (Conclusion)

अछाम बहुमुखी क्याम्पसमा गरिएको यस अनुसन्धानले खेलकुद गतिविधिहरूको महत्त्व र विद्यार्थीहरूको शैक्षिक नतिजामा यसको प्रभावलाई स्पष्ट रूपमा देखाउँछ। यद्यपि खेलकुदका लागि

आवश्यक सामग्री उपलब्ध छन्, खेलमैदानको अभावले बाहिरी खेलहरूको गतिविधिमा विद्यार्थीहरूको संलग्नता कम भएको छ।

अनुसन्धानमा प्राप्त तथ्यांकले देखाउँछ कि ECA (अतिरिक्त पाठ्यक्रम गतिविधिहरू) मा संलग्न विद्यार्थीहरूको शैक्षिक प्रदर्शन उल्लेखनीय रूपमा सुधारिएको छ। विशेषगरी, बि.एड.का विद्यार्थीहरूले ७०% देखि ७७% को उत्रिण प्रतिशतमा वृद्धि देखाएका छन्, जुन स्पष्ट रूपमा ECA मा संलग्न हुनेको फाइदा हो। यो भन्दा विपरीत, ECA मा असंलग्न विद्यार्थीहरूको प्रदर्शन निरन्तर कमजोर रहेको छ, जसले ३०% भन्दा कम उत्रिण प्रतिशत देखाएको छ।

यस अध्ययनले पुष्टि गर्छ कि खेलकुद र अन्य अतिरिक्त पाठ्यक्रम गतिविधिहरूमा संलग्नता विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्दछ। यसैले, विद्यालय र क्याम्पसहरूले खेलकुदका लागि आवश्यक पूर्वाधार र अवसरहरूको विकासमा ध्यान दिनु आवश्यक छ, जसले गर्दा विद्यार्थीहरूको संलग्नता र शैक्षिक नतिजा दुवैमा सुधार ल्याउन सकिन्छ। ECA मा संलग्न विद्यार्थीहरूको शारीरिक, मानसिक, र शैक्षिक विकासमा सकारात्मक प्रभाव देखिन्छ।

क्याम्पसले खेलकुदका लागि आवश्यक पूर्वाधार सुधार गरेर थप विद्यार्थीहरूलाई ECA मा सहभागी गराउनु उपयुक्त हुनेछ। ECA को सहभागिताले शैक्षिक नतिजा सुधार्ने तथ्य यस अध्ययनले पुष्टि गरेको छ। यस अध्ययनले क्याम्पसमा ECA को व्यवस्थापनमा थप सुधार गर्नुपर्ने आवश्यकता औंल्याएको छ। खेलकुद सामग्रीको प्रभावकारी प्रयोग, खेल मैदानको व्यवस्थापन, शिक्षकहरूको तालिम, र नियमित ECA कार्यतालिकाको व्यवस्थापनमा ध्यान दिएर क्याम्पसले विद्यार्थीहरूको सर्वांगीण विकास र शैक्षिक प्रदर्शनमा थप सुधार गर्न सक्ने निष्कर्षमा पुग्न सकिन्छ।

यी सुझावहरूको कार्यान्वयनले क्याम्पसलाई विद्यार्थीहरूको शैक्षिक प्रदर्शनमा सुधार ल्याउन र उनीहरूको सर्वांगीण विकासमा योगदान पुर्याउन सहयोग गर्नेछ। ECA मा ध्यान दिएर क्याम्पसले विद्यार्थीहरूको नेतृत्व क्षमतामा वृद्धि गर्ने र समग्र शैक्षिक प्रणालीलाई थप प्रभावकारी बनाउन सक्छ।

## References

Arias-Estero, J., & Castejon, F. (2014). Using instruments for tactical assessment in physical education and extra-curricular sports. *European Physical Education Review, 20*(4), 525–535. https://doi.org/10.1177/1356336X14539214

Behtoui, A. (2019). Swedish young people’s after-school extra-curricular activities: Attendance, opportunities and consequences. *British Journal of Sociology of Education, 40*(3), 340–356. https://doi.org/10.1080/01425692.2018.1540924

Bumpus, M., & Harris, C. (2020). The impact of extracurricular activities on academic performance. *Journal of Educational Research, 112*(3), 256–270.

Casinger, J. (2011). College extra-curricular activities: The history of activities. *Article Dashboard*. http://www.articledashboard.com//ExtracurricularActivities--the-History-of-Activities/

Curriculum Development Center (CDC). (2020). *Extra-curricular activities.* https://www.cdc.gov/

Darling, N., Caldwell, L., & Smith, R. (2005). Participation in school-based extracurricular activities and adolescent adjustment. *Journal of Leisure Research, 37*(1), 51–76.

Eccles, J. (2003). Extracurricular activities and adolescent development. *Journal of Social Issues, 59*(4), 865–889.

Gilman, R. (2004). Structured extracurricular activities among adolescents: Findings and implications for school psychologists. *Psychology in the Schools, 41*(1), 31–41.

Logan, W. L., & Scarborough, J. L. (2008). Connections through clubs: Collaboration and coordination of a school-wide program. *Professional School Counseling, 12*(2), 157–161.

Olson, C. A. (2008). Can music education help at-risk students? *Teaching Music, 16*(1), 59–60.